नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कास्की

फोन ०६१-४६२४७६
०६१-४६३०७६
फ्याक्स् ०६१-४६१९६२

पत्र संख्या : प्रशा./२०८०/०८१
चालनी नं. : ११२५८
प्राप्तपत्र संख्या र मिति :

मितिः २०८२/०३/३०

विषय :- जानकारी सम्बन्धमा।

**श्री एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसन,**
**(दर्ता नं.५७/४६, मिति २०४९/०१/१०)**
**पोखरा-१६, कास्की ।**

श्री **एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसन**को विधान संशोधनका लागि पेश हुँदा संस्था दर्ता ऐन, २०३४ र यस कार्यालयको मिति २०८२/०३/२७ को निर्णय अनुसार संशोधित विधानको प्रति यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

प्रशासकीय अधिकृत
२०८२/०३/३०

बोधार्थः-

श्री समाज कल्याण परिषद,
पुलचोक, ललितपुर,: संस्थाको संशोधित विधान १ (एक) प्रति संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
कास्की,: संस्थाको संशोधित विधान १ (एक) प्रति संलग्न छ ।

पोखरा महानगरपालिकाको कार्यालय,
कास्की,: संस्थाको संशोधित विधान १ (एक) प्रति संलग्न छ ।

# एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसन

# Ex Gandaki Boarding Students' Association
# (EGBOSA)

**संशोधित विधान २०८२**

पोखरा महानगरपालिका - १६, लामाचौर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की
प्रशासकीय अधिकृत

## एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनको विधान संशोधन, २०८२

| क्र.स | विधानमा भएको हालको व्यवस्था | विधानमा गर्नुपर्ने संशोधन | विधानमा संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | **प्रस्तावना**<br>गण्डकी बोर्डिङ स्कूलले आफ्नो शैक्षिक यात्राको पच्चिस बर्ष पुरा गरि रजत जयन्ति मनाएको सुखद अवसरमा उपस्थित भूतपूर्व बिद्यार्थीहरुको भेलाले स्कूल सित पारीवारीक सम्बन्ध र बिधार्थीहरु बिच आत्मियता अभिबृद्धि गरि स्कूलको गौरव गरिमा र प्रगतिको इतिहासमा यथासक्य सेवा समर्पण गर्नुपर्ने उपयुक्त समय र परिस्थिति सृजना भएको कुरा हृदयंगम गरि "एक्स गण्डकी बोर्डिङ्ग स्टूडेन्टस् एशोसिएसन" को स्थापना औपचारिक ढंगले गरेको हुँदा उक्त एशोसिएसनको गठन संचालन र ब्यवस्थापन बिधिपूर्वक गर्नु बाञ्छनिय भएको हुनाले यो बिधान तयार पारिएको हो । | **प्रस्तावना**<br>विक्रम सम्वत् २०२२ सालमा कास्की जिल्ला, साबिकको लामाचौर गा.वि.स., वडा नं ६ मा युनाईटेड मिसन टु नेपाल द्वारा स्थापित नेपाल आदर्श विद्यालय (हाल गण्डकी बोर्डिङ स्कुल)का भूतपूर्व विद्यार्थीहरुलाई संगठित गर्न, भूतपूर्व विद्यार्थीहरु बीच आत्मीयता र सौहार्दपूर्ण सम्बन्ध विकास गर्न, विद्यालयको विकासमा पूर्व विद्यार्थीहरुको योगदानको लागि मार्ग प्रशस्त पार्न, र राष्ट्रको उन्नतिको लागि पूर्व विद्यार्थीहरुमा रहेको सिर्जनात्मक क्षमता, ज्ञान र सीपलाई सङ्गठित रुपमा उपयोग गर्न एक संस्थाको आवश्यकता महसुस गरी गण्डकी बोर्डिङ स्कुलले आफ्नो शैक्षिक यात्राको पच्चीस वर्ष पूरा गरी रजत जयन्ती मनाएको सुखद अवसरमा उपस्थित भूतपूर्व विद्यार्थीहरुको भेलाले "**एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसन**" को स्थापना औपचारिक ढङ्गले गरी उक्त एशोसिएसनको गठन, सञ्चालन र व्यवस्थापन गर्नु बाञ्छनीय भएकोले "**एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनको विधान २०४८**" तयार गरी जिल्ला प्रशासन कार्यालय कास्कीबाट स्वीकृत भइ लागू भइ आएकोमा त्यसलाई संशोधन, एकिकरण, परिमार्जन गरी समयानुकुल बनाउन बाञ्छनीय भएकोले एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनको सञ्चालन र व्यवस्थापनलाई नियमन गर्न यो विधान | प्रारम्भिक विधानमा उल्लेखित विवरणलाई थप विवेचित गरी प्रष्ट पार्नुपर्ने भएकाले |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

EX GANDAKI BOARDING STUDENTS ASSOCIATION POKHARA, KASKI, NEPAL

| | | | |
|---|---|---|---|
| | | संस्था दर्ता ऐन, २०३४ को अधीनमा रही तर्जुमा गरिएको छ। | |
| २. | **परिच्छेद-१ दफा १**<br>यस संस्थाको नाम "एक्स गण्डकी बोर्डिङ्ग स्टूडेन्टस् एशोसिएसन" रहनेछ । संक्षेपमा यसलाई "एग्बोसा" भनिनेछ । | **परिच्छेद-१ दफा १**<br>यस संस्थाको नाम एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसियसन रहनेछ। अंग्रेजीमा यस संस्थाको नाम Ex Gandaki Boarding Student's Association रहनेछ। संक्षेपमा यसलाई एग्बोसा (EGBOSA) भनिनेछ।<br><br>**परिच्छेद-१ दफा १(क)**<br>**संस्थाको कार्यक्षेत्र:**<br>यस संस्थाको कार्यक्षेत्र भूलतः कास्की जिल्लामा रहने छ, र आवश्यकता अनुसार स्वीकृती लिएर नेपालभर कार्यक्रम सञ्चालान गर्न सक्नेछ। केन्द्रीय कार्यालयको स्वीकृति लिई अन्य स्थानहरुमा च्याप्टर गठन , शाखा विस्तार गर्न सकिनेछ र च्याप्टर, शाखाहरुले केन्द्रीय कार्यालयको मातहतमा रही काम कारवाही गर्नुपर्नेछ। अन्य जिल्लामा च्याप्टर, शाखाहरुको बिस्तार वा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ। | संस्थाको नाम अंग्रेजीमा उल्लेख नभएकाले सो लाई थप गर्नुपर्ने भएकोले।<br><br>संस्थाको प्रारम्भिक कार्यक्षेत्र सिमित भएकाले योजनावद्ध रुपमा कार्य विस्तार गर्न कठिन भईरहेको थियो। त्यसैले सामाजिक आवश्यकता, सदस्यको माग र संस्थाको उद्देश्य आनुसार कार्यक्षेत्र विस्तार गरिएको। |
| ३. | **साविकमा व्यवस्था नभएको** | **दफा १(ख)**<br>**संस्थाको अस्तित्व:**<br>अ) यो संस्था आविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामूलक, गैर-राजनीतिक तथा गैर—सरकारी सामाजिक संस्था हुनेछ।<br>आ) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र स्थानीय अधिकारीको स्वीकृति लिई प्रचलित कानून बमोजिम जग्गा, सम्पति खरिद गर्न सक्नेछ। | हालको वर्तमान कानुनी व्यवस्था वमोजिम संस्थाको अतित्वको बारेमा समेत विधानमा उल्लेख गर्ने गरिएकोमा हाम्रो प्रारम्भिक विधानमा उल्लेख नभएको हुँदा जनाउनुपर्ने भएकाले । |

| | | | |
|---|---|---|---|
| | | इ) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न सक्नेछ र सोही नामबाट नालिस उजुर लाग्नेछ।<br>ई) संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हक अधिकारको हनन् गर्ने छैन। | |
| ४. | **दफा २**<br>(क) बिधान भन्नाले स्कूल प्रशासन द्वारा स्वीकृत "एक्स गण्डकी बोर्डिङ्ग स्टूडेन्टस् एशोसिएसन" को बिधान जनाउने छ ।<br>(ख) सभा भन्नाले "साधारण सभा" लाई जनाउने छ ।<br>(ग) बैठक भन्नाले कार्यकारीणी समितीको बैठकलाई जनाउने छ ।<br>(घ) सदस्य भन्नाले संस्थाको सदस्य जनाउने छ ।<br>(ङ) स्कूल भन्नाले गण्डकी बोर्डिङ स्कूल जनाउने छ ।<br>(च) संस्था भन्नाले "एक्स गण्डकी बोर्डिङ स्टुडेन्टस् एशोसिएसन" (एग्बोसा) जनाउने छ । | **दफा २**<br>**छ)** "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई सम्झनु पर्दछ।<br>**ज)** "पदाधिकारी" भन्नाले विधानको दफा १३(क) बमोजिमको पदाधिकारीलाई सम्झनु पर्दछ।<br>**झ)** "विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने विनियमलाई जनाउँछ।<br>**ञ)** "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ।<br>**ट)** "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो विधान र विधान अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।<br>**ठ)** "स्थानीय तह" भन्नाले नगरपालिका, गाउँपालिका र जिल्ला सभालाई जनाउँछ।<br>**ड)** यस एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनको विधान २०८२ मा कुल ३२ दफा, ४ अनुसूची र आवरण पृष्ठ समेतका ३६ पाना रहेका छन्। | थप गर्नुपर्ने |
| ५. | **परिच्छेद-२ दफा ५**<br>**संस्थाको उद्देश्य**<br>क) स्कूल सँग भूतपूर्व विद्यार्थीहरुको सम्बन्ध कायम राख्ने माध्यमको सृजना गर्ने ।<br>ख) भूतपूर्व विद्यार्थीहरु बीच आवश्यकता अनुरुप पारस्पारिक सम्बन्ध र सहयोग कायम राख्ने माध्यमको सृजना गर्ने । | **परिच्छेद-२ दफा ५**<br>**संस्थाको उद्देश्य**<br>क) देश विदेशमा रहेका सम्पूर्ण भूतपूर्व विद्यार्थीहरु बीच एकता कायम गर्दै आवश्यकता अनुरुप पारस्परिक सम्बन्ध र सहयोग कायम राख्ने माध्यमको सिर्जना गर्ने, | प्रारम्भिक विधानमा सिमित उद्देश्य राखि संस्था दर्ता गरिएकोमा समयानुकुल सम्पूर्ण कुराहरु परिवर्तन हुनुका साथसाथै परिमार्जन भई आएकाले सो समेतलाई ध्यानमा |

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की
प्रशासकीय अधिकृत

ASSOCIATION
POKHARA, KASKI, NEPAL

| | | | |
|---|---|---|---|
| | ग) भूतपूर्व विद्यार्थीहरु बीच एकता र पारस्पारिक सहयोगको अभिवृद्धि गर्ने ।<br>घ) स्कूलको उद्देश्य परिपूर्ति गर्न स्कूललाई सहयोग गर्ने ।<br>ङ) स्कूलका विशेष योजनाहरुका लागि अर्थ सकंलन गर्ने र अन्य व्यवहारिक सहयोग प्रदान गर्ने .<br>च) सामाजिक कार्यमा सक्दो लागि पर्ने । | ख) स्कूलको गुणस्तरीयता अभिवृद्धि गर्न भौतिक तथा शैक्षिक सुधार गर्ने, छात्रवृत्ति कार्यक्रमको सहयोगको निम्ति अक्षयकोषको निर्माणमा सहयोग गर्ने र स्कुलका विशेष योजनाहरुका लागि अर्थ संकलन तथा अन्य व्यवहारिक सहयोग प्रदान गर्ने,<br>ग) राष्ट्र निर्माणमा स्कुलका भूतपूर्व विद्यार्थीहरुमा निहित सृजनात्मक क्षमता, ज्ञान र सीपको उपयोगको लागि योगदान पुर्याउने,<br>घ) समाजको उत्थानका लागि विभिन्न सामाजिक सेवाहरुमा संलग्न रही समयानुकुल कार्यक्रमहरु सञ्चालन गर्ने,<br>ङ) दैवी प्रकोपमा परेका एवम् असहाय व्यक्तिहरुलाई सहयोग गर्ने,<br>च) समान उद्देश्य प्राप्तिका लागि अन्य संघ संस्थाहरुसँग सहयोग आदान प्रदान गर्ने,<br>छ) स्कुलको तथा यस संस्थाको उद्देश्य परिपूर्ति गर्न अन्य आवश्यक कार्यहरु गर्ने,<br>ज) धार्मिकसहिष्णुता, सहअस्तित्वलाई कदर गर्ने। | राखी संस्था सञ्चालन गर्नुपर्ने भएकाले । |
| ६. | **साविकमा व्यवस्था नभएको** | **दफा ५(क)**<br>**संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:**<br>क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ। | परिच्छेद-२ दफा ५ मा उल्लेखित संस्थाको उद्देश्यहरु प्राप्त गर्नका निमित्त गर्नुपर्ने विभिन्न कामहरुलाई दृष्टिगत गरी ऐक्यबद्द रुपमा व्याख्या गरी |

| | | | |
|---|---|---|---|
| | | ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन सक्नेछ साथै कम्प्युटर, टेलिफोन, इन्टरनेट, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन आवश्कता अनुसार खरिद गर्न सक्नेछ वा भाडामा लिई प्रयोग गर्न सक्नेछ।<br>ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा कर्मचारीका सेवाका शर्तहरुका विषयहरु विनियममा उल्लेख भए अनुसार हुनेछ।<br>घ) संस्थाले बैंकमा खाता खोली आर्थिक कारोबार गर्नेछ। | संस्थालाई चुस्त रुपमा सञ्चालन गर्नुपर्ने भएकाले |
| ७. | **परिच्छेद-३ दफा ६**<br>**सदस्यको योग्यता**<br>स्कुलका सम्पूर्ण भुतपूर्व बिध्यार्थीहरु 'एगबोसा' को सदस्य हुन योग्य मानिनेछन् । | **परिच्छेद-३ दफा ६**<br>**सदस्यताको प्राप्तिको लागि आवश्यक योग्यता**<br>क) कम्तिमा एक शैक्षिक वर्ष स्कुलमा अध्ययन गरेको,<br>ख) मानसिक सन्तुलन नगुमाएको,<br>ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,<br>घ) नैतिक पतन देखिने फौजदारी अभियोग वा भ्रष्टाचारको अभियोगमा सजाय नपाएको। | संस्थालाई कानुनको अधिनमा रही सञ्चालन गर्नका लागी मुख्य गरी संस्थाको सदस्यको योग्यता प्राप्तीको आधार खडा गरी सो वमोजिम सदस्यता दिनको लागी आवश्यक देखिएकाले |
| ८. | **दफा ७**<br>**सदस्यताको प्रकार**<br>१. साधारण सदस्यः संस्थाको नियम अनुरुप सदस्यता लिएको व्यक्तिलाई साधारण सदस्य मानिनेछ ।<br>२. आजीवन सदस्यः कुनै पनि सदस्यले आजीवन सदस्यता प्राप्त गर्न सक्नेछ । आजीवन सदस्यता शुल्क कार्यकारीणी समिति द्वारा निर्धारित गरिनेछ । | **दफा ७**<br>**सदस्यताको वर्गिकरण**<br>यस संस्थामा निम्न बमोजिमका ४ प्रकारका सदस्यहरु रहनेछन् :<br>क) **साधारण सदस्य**: कम्तिमा एक शैक्षिक वर्ष स्कुलमा अध्ययन गरेका सम्पूर्ण भूतपूर्व विद्यार्थीहरुलाई एग्बोसाको साधारण सदस्य मानिनेछ र साधारण सदस्यहरुलाई | हालको अवस्थामा सिमित सदस्य मात्रै नरही संस्थाको हितका लागी अहोरात्र खटिने सदस्यलाई मध्यनजर गर्दै सक्रिय सदस्य उल्लेख गर्नुपर्ने र अन्य सदस्यहरुको हकमा समेत |

| | | | |
|---|---|---|---|
| | ३. सम्मानार्थ सदस्यः कार्यकारीणी समिति द्वारा प्रस्तावित र साधारण सभा द्वारा अनुमोदित व्यक्तिलाई सम्मानार्थ सदस्यता प्रदान गरिनेछ । सम्मानार्थ सदस्यले कुनै पनि मतदानमा भाग लिने छैनन् । | मताधिकार वा उम्मेदवारीको अधिकार रहने छैन।<br>ख) **सक्रिय सदस्य**: यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको व्यक्तिले दफा १०(क) अनुसार आवेदन गरी संस्थाको सक्रिय सदस्य प्राप्त गर्न सक्नेछन्।<br>ग) **ग) आजीवन सदस्य**: कुनैपनि सदस्यले आजीवन सदस्यता प्राप्त गर्न सक्नेछ। आजीवन सदस्यता लिन चाहनेले विधानको दफा १०(ख) अनुसार आवेदन गरी संस्थाको आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन्।<br>घ) **घ) सम्मानार्थ सदस्य:** सामाजिक क्षेत्रमा क्रियाशिल रही विशिष्ट योगदान पुर्याएका बुद्धिजीवी, समाजसेवी एवम् प्रतिष्ठित नेपाली नागरिकहरुलाई दफा १०(ग) बमोजिम संस्थाको सम्मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ र सम्मानार्थ सदस्यहरुलाई मताधिकार वा उम्मेदवारीको अधिकार रहनेछैन। | विस्तृतमा जानकारी दिनुपर्ने भएकाले। |
| ९. | **साविकमा व्यवस्था नभएको** | **दफा ७(क)**<br>**सक्रिय सदस्यताको समाप्ति :** देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सक्रिय सदस्य बहाल रहने छैन।<br>क) यस विधानको दफा ८ बमोजिम सदस्य प्राप्त नभएमा वा नरहेमा,<br>ख) साधारण सभाको दुईतिहाई सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित भएमा,<br>ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा, | सक्रिय सदस्यता दिईने भनी सदस्यताको वर्गिकरण गरिएकोमा सक्रिय सदस्यताको समाप्ति समेत उल्लेख गर्नुपर्ने वाञ्छनिय भएकाले |

| | | | |
|---|---|---|---|
| | | घ) संस्थाको काम कारवाही बदनियतपूर्वक गरेको कुरा अदालतबाट प्रमाणित भएमा,<br>ङ) यस विधानबमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,<br>च) निर्धारित शुल्क नतिरेको अवस्थामा वा सदस्यता नविकरण नगरेमा,<br>छ) संस्था विघटन भइ खारेज भएमा।<br>**स्पष्टीकरण:** तर कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई सफाईको सबुत पेश गर्न संस्थाले उचित एवं पर्याप्त मौका दिनेछ। | |
| १०. | **दफा ८**<br>**सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**<br>क) सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेछ।<br>ख) कार्यकारिणी समिति द्वारा स्वीकृत हुनु पर्नेछ।<br>**ग)** समितिले निर्धारण गरेको प्रवेश र सदस्यता शुल्क तिरेको हुनुपर्नेछ। | **दफा ८**<br>**सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**<br>**क) सक्रिय सदस्यः**<br>(१) विधानको दफा (७) बमोजिम योग्यता पुगेका व्यक्तिहरुले संस्थाको सक्रिय सदस्यता प्राप्त गर्न सदस्यता शुल्क र अनुसूचि (३) बमोजिमको निवेदन पेश गरेमा कार्य समितिको निर्णयले सक्रिय सदस्यता प्रदान गर्न सक्नेछ।<br>(२) सक्रिय सदस्यले प्रत्येक वर्षको असार मसान्त भित्र नविकरण शुल्क बुझाई नविकरण गर्नुपर्नेछ। कुनै साधारण सदस्यले सक्रिय सदस्यताको लागि तिरेको रकम सोहि आर्थिक वर्षको लागि मात्रै मान्य हुनेछ। हरेक सक्रिय सदस्यता शुल्कको २० प्रतिशतले हुन आउने रकम, एग्बोसा विशेष कोषमा सोहि आर्थिक वर्ष भित्रै जम्मा गर्नुपर्नेछ।<br><br>**स्पष्टीकरण** : सक्रिय सदस्यता नवीकरण नगरेको व्यक्तिको साधारण | दफा ७ मा सदस्यताको वर्गिकरण गर्दा केही थप भएको र सो समेतलाई राखि शुल्क निर्धारण गरी सदस्यता प्रदान गर्ने विधि उल्लेख गर्नु वाञ्छनिय भएकोले । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की
प्रशासकीय अधिकृत
GANDAKI BOARDING STUDENTS ASSOCIATION

| | | | |
|---|---|---|---|
| | | सदस्यता दफा ८ बमोजिमको अवस्थामा बाहेक कायम नै रहनेछ।<br>**ख)आजीवन सदस्यः**<br>कुनैपनि साधारण सदस्य आजीवन सदस्यता प्राप्त गर्न योग्य हुनेछ। अनुसूचि -३ बमोजिमको ढाँचामा आवेदन दिई कार्यसमितिले तोकेको शुल्क बुझाउने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ। आजीवन सदस्यता मार्फतको शुल्क, एग्बोसा विशेष कोषमा जम्मा गरिनेछ।<br>**ग)** उपदफा (क) र (ख) बमोजिमको शुल्कहरु प्रत्येक आर्थिक वर्षको लागि कार्यसमितिले तोक्न सक्नेछ।<br>**घ)सम्मानार्थ सदस्यः** कार्यकारी समितिद्वारा प्रस्तावित र साधारण सभाद्वारा अनुमोदित व्यक्तिलाई सम्मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ। सम्मानार्थ सदस्यको संस्थाका कुनैपनि मतदानमा भाग लिन पाउने अधिकार भने रहने छैन।<br>**ङ)** कार्यसमितिद्वारा कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा आवेदकलाई सो को कारण खुलाई जानकारी दिइनेछ।<br>**च)** सबै सदस्यहरुले यस विधान र अन्तरगत बनेका नियम र विनियममा भएका व्यवस्थाहरुको अनिवार्यरुपमा पालना गर्नु/गराउनु पर्नेछ।<br>**छ)** संस्थाले प्रदान गरेको उपदफा (क), (ख) र (ग) अनुसारको सदस्यहरुको अनुसूचि-४ बमोजिमको छुट्टै अभिलेख पुस्तिका रहनेछ। | |
| ११. | **दफा ९**<br>**सदस्यको अयोग्यता**<br>क) स्वैच्छिक राजीनामा दिएमा<br>ख) सदस्यता नविकरण नगरेमा<br>ग) विधान विपरित कार्य गरेमा | **दफा ९**<br>**संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाः**<br>देहायका कुनै व्यक्ति संस्थाको सदस्य पद प्राप्त गर्न सक्ने छैन। | विधानमा सदस्यको योग्यता शिर्षकमा विविध अवस्थाहरु नराखि सम्पूर्ण भुतपुर्व बिध्यार्थी भनी उल्लेख गरिएकोमा |

| | | | |
|---|---|---|---|
| | (कुनै सदस्यले विधान विपरित आचरण गरेको लागेमा कार्य समितिलाई उक्त सदस्यको आचरण सम्बन्धी छलफल गर्न सल्लाहकार समितिको बैठक बोलाउनु पर्नेछ । सल्लाहकार समितिको सल्लाह बमोजिम उक्त सदस्य उपर आवश्यक कारवाही गरिने छ ।) | क) न्यूनतम एक शैक्षिक वर्ष स्कुलमा अध्ययन नगरेको,<br>ख) मानसिक सन्तुलन गुमाएको ठहर भएको,<br>ग) दामासाहीमा परेको,<br>घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहर भएको,<br>ङ) नैतिक पतन देखिने फौजदारी अभियोग वा भ्रष्टाचारको अभियोगमा सजाय पाएको, कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएकोमा सजाय भुक्तान गरी एक वर्ष पूरा नभएको,<br>च) सम्बन्धित संस्थामा निजी स्वार्थबाट परिचालित भएमा,<br>छ) विधान विपरित तथा संस्थाको हित विपरित कार्य गरेमा।<br>**स्पष्टीकरणः** कुनै सदस्यले विधान विपरित आचरण गरेको लागेमा कार्य समितिले उक्त सदस्यको आचरण सम्बन्धमा छानबिन गर्न सल्लाहकार समितिको बैठक बोलाउनु पर्नेछ। सल्लाहकार समितिको सल्लाह बमोजिम त्यस्ता सदस्यलाई सफाईको उचित मौका दिई उक्त सदस्य उपर आवश्यक कारवाही गरिनेछ। | समयानुकुल परिस्थितिलाई हेर्दा वर्तमान कानुनी व्यवस्था वमोजिमका आधार उल्लेख गर्नुपर्ने भएको हुँदा। |
| १२. | **परिच्छेद-४**<br>**साधारण सभा तथा कार्यसमिति**<br>**दफा १०**<br>**साधारण सभा (गठन)**<br>यस संस्थाको सम्पूर्ण सदस्यहरुको सभालाई साधारण सभा मानिनेछ। | **परिच्छेद-४**<br>**साधारण सभा, कार्यसमिति तथा बैठक सम्बन्धी व्यवस्था**<br>**दफा १०**<br>**साधारण सभा गठन**<br>यस संस्थाको सम्पूर्ण सदस्यहरु सम्मिलित रहेको साधारण सभाको गठन हुनेछ। विधानको दफा ६(क) | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

| | | | |
|---|---|---|---|
| | | बमोजिमको साधारण सदस्यहरु र दफा ६(घ) बमोजिमका सम्मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन्, तर निजहरुको मताधिकार रहने छैन। साधारण सभानै संस्थाको सर्वोच्च निकाय हुनेछ। | |
| १३. | **दफा ११**<br>**साधारण सभाको अधिवेशन**<br>क) कार्यकारीणी समितिले आवश्यकता अनुसार साधारण सभा बोलाउने छ । साधारण सभा ६ महिनाको एक पटक अनिवार्य रुपमा बोलाउनु पर्नेछ ।<br>ख) वार्षिक साधारण सभा श्रावण÷भाद्र महिना भित्र बोलाउनु पर्नेछ ।<br>ग) वार्षिक साधारण सभाको गणपूरक संख्या एक तिहाई सदस्य मानिनेछ । यदि गणपूरक संख्या नपुग भएमा महिना दिन भित्र दोश्रो पटक वार्षिक साधारण सभा बोलाउनु पर्नेछ गणपूरक संख्या एक चौथाई सदस्य मानिनेछ । यदि दोश्रो पटक बोलाएको वार्षिक साधारण सभामा पनि गणपूरक संस्था नपुग भएमा दुई हप्ता भित्र तेस्रो पटक साधारण सभा बोलाउने छ । जसको गणपूरक संख्या उपस्थित सदस्या संख्या नै मानिनेछ । | **दफा ११**<br>**साधारण सभा प्रक्रिया**<br>यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ।<br>**१) वार्षिक साधारण सभाः** आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र एक पटक वार्षिक साधारण सभा बस्नेछ।<br>**२) विशेष साधारण सभाः** कार्य समितिको निर्णय अनुसार विशेष साधारण सभा बोलाउन सकिनेछ। संस्थाको कुल सक्रिय सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्य समितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्नेछ। तर साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्नेछैन।<br>३) यसरी साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा महिना दिनको म्याद दिई पुनः साधारण सभा बोलाईनेछ।<br>४) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि अध्यक्षको निर्देशनमा सचिवले कम्तीमा १५(पन्ध्र) दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति र समय समेत खोली सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ। | वर्तमान अवस्थामा वार्षिक साधरण सभा मात्रै नभई विशेष साधारण सभा बोलाउन पाईने कानुनी व्यवस्था रहेकोमा हाम्रो प्रारम्भिक विधानमा सो उल्लेख नहुँदा संस्थाले उक्त विशेष साधरण सभा गर्न नमिल्ने र हाल उक्त व्यवस्था गर्नुपर्ने आवश्यक भएकोले । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की
प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | ५) साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ। | |
| १४. | **दफा १२**<br>**साधारण सभाको काम कर्तव्य र अधिकार**<br>क) कार्यकारीणी समितिको निर्वाचन गर्ने ।<br>ख) कार्यकारीणी समिति द्वारा प्रस्तुत वार्षिक कार्यक्रम अनुमोदन गर्ने<br>ग) कार्यकारीणी समितिलाई निति निर्देशन दिने ।<br>घ) कार्य समिति द्वारा प्रस्तुत प्रगति विवरण तथा अन्य विषय उपर छलफल गर्ने ।<br>ङ) वार्षिक साधारण सभामा कार्य समिति द्वारा प्रस्तुत गरिने पदाधिकारीको पूर्ण प्रतिवेदन उपर छलफल गर्ने ।<br>च) विधान संसोधन गर्ने । | **दफा १२**<br>**साधारण सभाको काम कर्तव्य र अधिकार**<br>साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:<br>क) कार्य समितिले पेश गरेको योजना कार्यक्रम र वार्षिक बजेट पारित गर्ने, वार्षिक आर्थिक विवरण अनुमोदन गर्ने।<br>ख) लेखा परीक्षकबाट प्राप्त भएका वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनमा अनियमित बेरुजु रकम भेटिएमा छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछर्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने।<br>ग) आगामी वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।<br>घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने।<br>ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको दिधानबमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने।<br>च) समयानुसार कार्य समितिबाट पेश भएका विधान संशोधन सम्बन्धी प्रस्ताव पारित गरी स्वीकृतिको लागि सम्बन्धित स्थानीय अधिकारी समक्ष | संस्थाको काम कारवाहीमा साधरण सभाको विशेष महत्व हुने र |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

| | | | |
|---|---|---|---|
| | | पठाउने र नियम तथा विनियम स्वीकृत गर्ने।<br>छ) दफा १०(ग) बमोजिमको सम्मानार्थ सदस्यता प्रदान गर्ने।<br>ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका कामकारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने।<br>झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी तथा कर्मचारीहरुको पारिश्रमिक तलब, भत्ता, र अन्य सुविधाहरुको आवश्यकता अनुरुप स्वीकृति गर्ने। | |
| १५. | **दफा १३**<br>क) यस संस्थाका सम्पूर्ण कार्यहरु सुचारु ढँगले सम्पादन गर्न एक कार्यकारीणी समितिको निर्वाचन गरिने छ । कार्यकारीणी समिति एघार सदस्य हुनेछ ।<br>ख) कार्यकारीणी समितिको पदावधि दुई वर्षको हुनेछ ।<br>ग) कुनै पनि व्यक्ति दुई पदावधि भन्दा बढी समयका लागि अध्यक्ष हुनेछैन । | **दफा १३**<br>**कार्यसमितिको गठन**<br>क) साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारी रहने १३ सदस्यीय एक कार्य समिति गठन गरिनेछ।<br>ख) कार्य समिति निम्नानुसार गठन गरिनेछ:<br>अध्यक्ष - १<br>उपाध्यक्ष - १<br>सचिव - १<br>कोषाध्यक्ष - १<br>सह सचिव - १<br>सदस्यहरु - ८<br>ग)कार्यकारी समितिको कार्यकाल २(दुई) वर्षको हुनेछ।<br>घ) कुनैपनि व्यक्ति लगातार दुई पदावधि भन्दा बढी समयका लागि अध्यक्ष हुने छैन।<br>ङ) कार्यसमितिमा मताधिकार नहुने गरी आमन्त्रित सदस्यहरु रहन सक्नेछन्। | प्रारम्भिक विधानमा कार्यकारिणि समिति भनी उल्लेख भएको भएता पनि कार्य समितिको गठन संरचनाको बारेमा व्याख्या नगरिएकोले। |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

| | | | |
|---|---|---|---|
| | | | |
| १६. | **साविकमा व्यवस्था नभएको** | **दफा १३(१)**<br>**पद त्याग गर्न सक्नेः** अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन्। | सदस्यले व्यक्तिगत कारण,आसमर्थता वा नैतिक उत्तरदायित्व का आधारमा पद त्याग गर्न पाउने प्रावधान राख्दा संस्थाको कार्य सञ्चालनमा लचकता र मर्यादा कायम रहने हुँदा यो व्यवस्था लाई राख्नु उपर्युक्त भएको। |
| १७. | **दफा १४**<br>**कार्य समितिको बैठक**<br>कार्यकारिणि समितिको बैठक नियमित रुपले महिनाको एकपटक बस्नेछ। गणपूरक सङ्ख्या ६ मानिनेछ। | **दफा १४**<br>**कार्य समितिको बैठक**<br>क) कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउन सक्नेछन् तर कम्तीमा २ महिनाको एकपटक अनिवार्य बस्नुपर्नेछ।<br>ख) कार्यकारी समितिका ५१ प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या पुगेको मानिनेछ। सो बमोजिम गणपूरक संख्या नपुगी पुनः बोलाइएको बैठकमा उपस्थित सदस्यहरुको संख्यालाई नै गणपूरक संख्या पुगेको मानी आवश्यक निर्णय लिन सकिनेछ।<br>ग) कार्य समितिको बैठक अध्यक्षको अध्यक्षतामा हुनेछ तर निजको अनुपस्थितिमा उपाध्यक्षको र उपाध्यक्ष पनि अनुपस्थित रहेमा बैठकमा उपस्थित भएका सदस्यहरु मध्ये जेष्ठ सदस्यको अध्यक्षतामा हुनेछ।<br>घ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ।<br>ङ) कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको निर्णय | प्रारम्भिक विधानमा कार्यसमितिको बैठक नियमित रुपले सञ्चालन गर्ने भने तापनि विस्तृत रुपमा कार्यसमितिको बैठक प्रक्रिया तथा प्रणालिलाई व्याख्या गरेको छैन। बैठकको प्रक्रिया उल्लेख हुँदा निर्णय प्रणाली पारदर्शी, नियमित, र वैधानिक बन्ने सुनिश्चितता हुने हुँदा यसलाई विधानमा समावेश गरिएको छ। |

| | | | |
|---|---|---|---|
| | | निर्णय-पुस्तिकामा उपस्थित सदस्यहरुको दस्तखत सहित उतार गर्नुपर्नेछ तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ।<br>च) संस्थाले गर्ने सम्पूर्ण कार्यहरु कार्यसमितिको निर्णय बमोजिम हुनेछन्।<br>छ) कार्य समितिका पदाधिकारीहरुको जम्मा संख्याको २५ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक ७ दिन भित्र बोलाउनु पर्नेछ। सो बमोजिम अध्यक्षले बैठक नबोलाएमा ५१ प्रतिशत सदस्यहरुको उपस्थित भइ बैठक बसी कुनै निर्णय लिएमा त्यसलाई विधान आधिकारिक मानिनेछ। | |
| १८. | **दफा १५**<br>**कार्य समितिको काम, कर्तव्य र अधिकार**<br>क) वार्षिक कार्यक्रम तर्जुमा गरी सभाद्धारा अनुमोदन प्राप्त गर्नु ।<br>ख) सभाद्धारा पारित निर्णयहरु कार्यावन्यन गर्नु ।<br>ग) संस्थाको उद्देश्य परिपूर्तिका लागि विभिन्न कृयाकलाप गर्नु तथा गराउनु ।<br>घ) दफा २१ बमोजिमको निर्वाचन समितिको गठन गर्नु ।<br>ङ) सभालाई कार्यकलाप सम्बन्धी प्रति विवरणको जानाकारी गराउनु ।<br>च) अन्य सबै आवश्यक कार्य गर्नु गराउनु ।<br>छ) आवश्यकता अनुसार उपसमितिहरु गठन गर्नु तथा | **दफा १५**<br>**कार्य समितिको काम, कर्तव्य र अधिकार**<br>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:<br>क) वार्षिक कार्यक्रम तर्जुमा गरी साधारण सभामा पेश गरेर अनुमोदन गराउने तथा सभाको नीति, निर्देशन, निर्णय कार्यान्वयन गर्ने,<br>ख) विधानले तोके बमोजिम संस्थाको उद्देश्य प्राप्तिको लागि प्रयत्नशील रहने, संस्थाका काम कृयाकलाप सम्बन्धमा साधारण सभालाई विवरण सहित जानकारी गराउने,<br>ग) साधारण सभा प्रति जवाफदेही रही संस्थाका कार्यक्रमहरु सञ्चालन गर्ने, | संस्थामा कसले के काम गर्छ भन्ने संरचनात्मक स्पष्टता साथ साथै संस्थाको सञ्चालन पारदर्शी, उत्तरदायी र कानूनी ढङ्गले होस भन्नको लागी प्रारम्भिक विधानमा उल्लेख भएका कार्य समितिको काम, कर्तव्य र अधिकारलाई परिमार्जन गरी बुँदागत रुपमा स्पष्ट राख्नुपर्ने भएकाले । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

| | | | |
|---|---|---|---|
| | उपसमितिको काम, कर्तव्य र अधिकार तोक्नु । | घ) संस्थाको बजेट तयार गर्ने तथा आवश्यक कर्मचारीको व्यवस्थापन गर्ने,<br>ङ) संस्थाको नगद, जिन्सी, चल अचल सम्पत्तिको अभिलेख राखी सुरक्षा, रेखदेख तथा व्यवस्थापन गर्ने,<br>च) च्याप्टर तथा शाखाहरुका काम कृयाकलापमा रेखदेख, निर्देशन, सुपरिवेक्षण गर्ने,<br><br>छ)संस्थाको सदस्यता सम्बन्धी आवश्यक प्रबन्ध गर्ने,<br>ज) संस्था सञ्चालनको लागि आवश्यक नियम, नीति, कार्यविधिहरुको तर्जुमा गर्ने,<br>झ) कुनै संघ-संस्थाको लागि एग्बोसाको तर्फबाट प्रतिनिधि नियुक्ति वा सिफारिस गर्ने,<br>ञ) कुनै सदस्यले संस्थाको उद्देश्य, हित विपरित आचरण कार्य/कृयाकलाप गरेमा छानविन गर्ने तथा आवश्यक उचित निर्णय लिने।<br>ट) कार्यकारी समितिको कुनै पद रिक्त भएमा साधारण सभाद्वारा अनुमोदन गराउने गरी त्यस्तो सदस्यको बाँकी अवधिको लागि पदपूर्ति गराउने।<br>ठ) लगातार ३ पटकसम्म मनासिव आधार र कारण नदेखाई बैठकमा अनुपस्थित हुने सदस्यको हकमा स्वतः कार्यसमितिको सदस्यबाट निलम्बन गर्ने वा निष्कासनको प्रक्रिया अगाडी बढाउने ।<br>ड) कार्य समितिको कुनै पनि पदाधिकारी वा सदस्यले दिएका लिखित राजिनामा लगायत | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| | | | |
|---|---|---|---|
| | | अविश्वासको प्रस्तावहरु प्रक्रिया पुर्याई पारित गर्ने। | |
| १९. | **परिच्छेद-५**<br>**पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**<br>**दफा १६**<br>**१) अध्यक्षको काम, कर्तव्य र अधिकारः**<br>क) संस्थालाई नेतृत्व प्रदान गर्नु ।<br>ख) साधारण सभा, वार्षिक साधारण सभा र कार्यकारीणी समितिका बैठकहरुमा अध्यक्षता ग्रहण गर्नु ।<br>ग) निर्णयक मत प्रदान गर्नु ।<br>घ) संस्थाको प्रतिनिधित्व गर्नु ।<br>**२) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**<br>क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षता ग्रहण गर्नु । अध्यक्षका सबै कार्यभार ग्रहण गर्नु ।<br>ख) अध्यक्षलाई कार्य सम्पादनमा सहयोग प्रदान गर्नु ।<br>**३) सचिवको काम, कर्तव्य र अधिकारः**<br>क) संस्थाको सचिवालय सुचारु रुपले सञ्चालन गर्नु ।<br>ख) समितिको तर्फबाट आवश्यक लेखापढी गर्नु ।<br>ग) अध्यक्षको स्वीकृति प्राप्त गरी सभा तथा बैठक बोलाउनु ।<br>घ) साधारण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु ।<br>ङ) सभा तथा बैठकहरुको अभिलेख अध्यक्ष द्वारा प्रमाणित गराउने ।<br>**४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**<br>क) आर्थिक प्रशासन सम्बन्धि जिम्मेवारी लिने । | **परिच्छेद-५**<br>**पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**<br>**दफा १६**<br>**क)अध्यक्षको काम, कर्तव्य र अधिकारः**<br>१) समितिको बैठक, साधारण सभा र विशेष साधारण सभाको अध्यक्षता गर्ने,<br>२) संस्थालाई नेतृत्व प्रदान गर्ने,<br>३) साधारण सभा र कार्यकारी समितिका बैठकहरु बोलाउने, निर्णयहरु कार्यान्वयन गराउने,<br>४) बैठकमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत प्रदान गर्ने,<br>५) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने, बैठक मर्यादित ढंगले सञ्चालन गर्ने, बैठकमा अनुशासनहीन अमर्यादित कार्यहरु भएमा त्यस्तो सदस्यलाई निष्कासन गर्ने वा बैठक स्थगित गरी अर्को बैठक बोलाउने,<br>६) आफ्नो अनुपस्थितिमा बैठक सूचारु गर्न उपाध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने,<br>७) अभिलेख प्रमाणित गर्ने।<br><br>**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**<br>१) अध्यक्षको अनुपस्थितिमा बैठकमा अध्यक्षको सम्पूर्ण काम, कर्तव्य र अधिकार सम्हाल्ने, बैठकको अध्यक्षता गर्ने,<br>२) संस्थाको दैनिक कार्य सञ्चालनमा अध्यक्षलाई सहयोग प्रदान गर्ने,<br>३) अध्यक्षले तोके अनुसार संस्थाको च्याप्टर, शाखाहरुसँग समन्वय गर्ने, स्कुलसँग समन्यदय गर्ने, | प्रारम्भिक विधानमा ११ सदस्यीय १ कार्यसमिति रहेकोमा सो लाई संशोधन गरी १३ सदस्यीय एक कार्यसमिति बानाउने निर्णय भएकोमा सो वमोजिम थप भएका र पहिले नै कायम पदाधिकारीहरुको काम, कर्तव्य, र अधिकार स्पष्ट रुपमा लेखिंएको छ। यसरी वुदाँगत रुपमा उल्लेखित काम कर्तव्य राख्दा सो विषयमा कुनै विवाद उत्पन्न नहुने । |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

| | | | |
|---|---|---|---|
| | ख) आर्थिक विवरण बैठकमा पेश गरी स्वीकृति प्राप्त गर्ने ।<br>ग) आर्थिक प्रतिवेदन वार्षिक साधारण आय पेश गर्ने ।<br>घ) समितिको निर्णय अनुसार बैंकमा संस्थाको खाता सञ्चालन गर्ने ।<br>**५) उप–सचिवको काम, कर्तव्य र अधिकारः**<br>क) सचिवलाई सचिवालय सम्बन्धी सम्पूर्ण कार्यहरुमा सहयोग प्रदान गर्ने ।<br>ख) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार ग्रहण गर्ने । | ४) अध्यक्षले दफा १६ बमोजिम पद त्याग गरेमा बैठकको अध्यक्षता गर्ने।<br><br>**ग) सचिवको काम, कर्तव्य र अधिकारः**<br>१) संस्थाको सचिवाललय सूचारु रुपले सञ्चालन गर्ने, सभा र समितिद्धारा पारित निर्णयहरुको अभिलेख सुरक्षित राख्ने, कार्यान्वयन गर्ने गराउने,<br>२) अध्यक्षको स्वीकृतिले नियमित तथा विशेष सभा तथा समितिको बैठक बोलाउने,<br>३) समितिको तर्फबाट आवश्यक लेखापढी गर्ने, कार्य सञ्चालन, कर्मचारीको रेखदेख नियन्त्रण गर्ने,<br>४) सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने,<br>५) विभिन्न च्याप्टर, शाखाहरु बीच समन्वय गर्ने,<br>६) संस्थाको काम कृयाकलाप सम्बन्धमा कार्य समितिलाई जानकारी गराउने,<br>७) संस्थामा आइपर्ने अन्य कार्यहरु गर्ने,<br>८) विभिन्न क्षेत्रबाट आएका प्रतिक्रिया, सिफारिश, निर्णयहरु समितिमा पेश गर्ने,<br>९) सभा तथा बैठकहरुको निर्णयहरुको अभिलेख अध्यक्षद्धारा प्रमाणित गराई राख्ने।<br><br>**घ) सह सचिवको काम, कर्तव्य र अधिकारः**<br>१) सचिवलाई सचिवालय सम्बन्धी सम्पूर्ण कार्यहरुमा सहयोग प्रदान गर्ने,<br>२) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार ग्रहण गर्ने,<br>३) च्याप्टरहरु, शाखाहरुको काम कृयाकलापमा समन्वय गर्ने। | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | **ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**<br>१) आर्थिक प्रशासन सम्बन्धी जिम्मेवारी लिने, आय व्यय विवरण हिसाब किताब राख्ने,<br>२) कार्यकारी समितिको आर्थिक विवरण समितिको बैठकमा पेश गरी स्वीकृत गराउने,<br>३) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने,<br>४) संस्थाको बजेट तर्जुमा गरी समितिबाट अनुमोदन गराई साधारण सभामा पेश गर्ने,<br>५) समितिको निर्णय अनुसार बैंक खाता सञ्चालन गर्ने,<br>६) संस्थाको आय व्ययको विवरण नियमित रुपमा वार्षिक लेखा परीक्षण गरी त्यसको प्रतिवेदन साधारण सभामा पेश गर्ने।<br><br>**च) कार्यकारी समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकारः**<br>१) संस्थाको उद्देश्य सफल तुल्याउन प्रयत्नशील रहने,<br>२) विभिन्न उपसमितिहरुमा रही निर्धारित कार्यक्रमहरु सञ्चालन गर्न मद्दत पुर्याउने,<br>३) संस्थाका अन्य पदाधिकारीद्वारा तोकिएका कामहरु गर्ने र संस्था सञ्चालन, संस्थाको हितमा आवश्यक कार्यहरु गर्ने ।<br>**स्पष्टीकरणः** एग्बोसा च्याप्टर, शाखाहरुको हकमा समेत परिच्छेद ५ मा उल्लेखित सम्पूर्ण बुँदाहरु लागु हुनेछन। | |
| २०. | **साविकमा व्यवस्था नभएको** | **दफा १६(२)**<br>**गणपुरक सङ्ख्याः** ४० (चालिस) जना सक्रिय सदस्यहरुको | गणपुरक सङ्ख्या विधानमा उल्लेख गर्दा बैठकहरु वैध |

| | | | |
|---|---|---|---|
| | | उपस्थितिमा साधारण सभाको गणपूरक संख्या पुगेको मानिनेछ। यधपि च्याप्टर, शाखाको हकमा कम्तिमा १३ (तेह्र) जना सक्रिय सदस्यहरुको उपस्थिति हुनुपर्नेछ! यदि बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुग भएमा महिना दिन पश्चात् अर्को साधारण सभा बोलाउनु पर्नेछ। त्यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा उपस्थित संख्यालाई नै गणपूरक मानिनेछ । | पारदर्शी हुने गर्दछन्। यसले गर्दा सदस्यहरुको सहभागीता सुनिश्चित गर्न मद्दत हुने हुँदा गणपुरक सङ्ख्या लाई समेत उल्लेख गर्नुपर्ने आवश्यकता रहेको। |
| २१. | **परिच्छेद-६ आर्थिक व्यवस्था**<br>**दफा १७**<br>**आर्थिक स्रोतः**<br>क) प्रवेश शुल्क, सदस्यता शुल्क<br>ख) व्यक्ति, राष्ट्रिय – अन्तर्राष्ट्रिय संघ संस्था द्वारा प्राप्त अनुदान ।<br>ग) अर्थ पर्यटन कार्यक्रम द्वारा हुने आम्दानी । | **परिच्छेद-६ आर्थिक व्यवस्था**<br>**दफा १७**<br>**आर्थिक स्रोतः**<br>संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन्।<br>क) सदस्यता लगायतका नविकरण शुल्क,<br>ख) व्यक्तिगत र संस्थागत रुपमा प्राप्त सहयोग र अनुदान बापतको रकम,<br>ग) विक्री वाहेक संस्थाको चल अचल सम्पत्तिको उपयोगबाट प्राप्त रकम,<br>(घ) विदेशी व्यक्ति र अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग र अनुदान रकम,<br>(ङ) स्थानीय निकायबाट प्राप्त सहयोग र अनुदानवापतको रकम,<br>(च) संस्थाको उद्देश्य अनुरुप आयोजना गरिएको समारोह, कार्यक्रम आदिबाट प्राप्त रकम,<br>छ) सस्थाको तर्फबाट संचालित विभिन्न आयमुलक कार्यक्रमबाट प्राप्त रकम,<br>ज) संस्थालाई प्राप्त अन्य विविध रकम।<br>२) विदेशी संघ संस्थाबाट अनुदान रकम लिने भएमा समाज कल्याण परिषदको स्वीकृति लिनु पर्नेछ। | संस्थाको विभिन्न च्याप्टर, उपसमिति गठन गर्ने भनी व्यवस्था उल्लेख गरिएको मा सो वमोजिम उपलब्ध हुने आर्थिक रकमलाई समेत समेट्नुपर्ने भएकाले। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

| | | | |
|---|---|---|---|
| २२. | **दफा १९**<br>**कोष**<br>क) संस्थाको आफ्नो एक कोष रहनेछ जसको संचालन समितिको निर्णय अनुसार कोषाध्यक्षको नियन्त्रणमा गरिने छ ।<br>ख) समितिको आवश्यक खर्चको व्यवस्था कोषबाट गरिने छ । | **दफा १९**<br>**संस्थाको कोष**<br>**क) साधारण कोष**: संस्था तथा संस्था अन्तर्गतका च्याप्टर, शाखाहरुको आफ्नो छुट्टै एक साधारण कोष समेत रहनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा गरिनेछ:<br>१) सदस्यता वापत प्राप्त शुल्कहरु,<br>२) संस्था संचालनका लागि आवश्यक प्रशासनिक लगायतका खर्च/अर्थ संकलन मार्फतका रकमहरु,<br>३) **विशेष कोष सञ्चालक समिति** द्वारा निर्णय गरि प्रदान वा अनुमोदित कुनै पनि कार्य-विशेष रकमहरु<br>**स्पष्टीकरण:** दफा २० अन्तर्गतका उपदफाहरू बाझिएको हकमा **विशेष कोष सञ्चालक समिति** को निर्णय नै अन्तिम हुनेछ।<br><br>ख) **विशेष कोष:** संस्थाको छुट्टै एक विशेष कोष रहनेछ। यो कोष मुख्यतः कुनै सामुहिक महत्व वा हितकारी कार्य विशेषका लागि जस्तै छात्रवृत्ति, स्वास्थ्य-उपचार सहयोगार्थ, प्राकृतिक तथा दैवी प्रकोप उद्धार एवं महामारी नियन्त्रण तथा रोकथाम लगायतका कार्यका लागि संकलित रकम वा अनुदानमार्फत व्यवस्था गरिनेछ।<br>जसमध्ये देहाय बमोजिमको प्राप्त रकमहरु यस कोष अन्तर्गत रहनेछन्:<br>१) व्यक्तिले स्वेच्छाले दिएको अनुदान तथा सहायता वापत प्राप्त रकम,<br>२) उद्देश्य प्राप्तिका खातिर आयोजित क्राउड-फंडिंग प्ल्याटफर्म मार्फत संकलित रकमहरु, | कोषको वर्गिकरण गरी संस्थालाई नियम सङ्गत रुपमा लैजानको लागी आवश्यक भएकोले । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

| | | | |
|---|---|---|---|
| | | ३) स्थानिय तथा कुनै दात्री निकायहरुबाट प्राप्त अनुदान तथा सहयोग रकम,<br>४) बिक्री वाहेक संस्थाको चल अचल सम्पत्तिको उपयोगबाट प्राप्त रकम,<br>५) संस्थाका समग्र उद्देश्य हासिलका खातिर प्राप्त आर्थिक सहयोग वापतका रकमहरु,<br>६) एग्बोसा सक्रिय सदस्य शुल्क वापतको २० प्रतिशतले हुन आउने रकम,<br>७) एग्बोसा आजीवन सदस्य शुल्क वापतको रकम।<br>**स्पष्टीकरण:** दफा २० (ख) को ६ बमोजिम हुन आउने रकम दफा २९ बमोजिम गठन हुने च्याप्टरहरु, शाखाहरुको हकमा समेत अनिवार्य लागु हुनेछ।<br>ग) उपदफा (ख) बमोजिमको विशेष कोष सञ्चालनको लागि निम्नानुसारको सञ्चालक समिति रहनेछ:<br>**१. अध्यक्ष, एग्बोसा - पदेन संयोजक १ जना**<br>**२. प्रतिनिधि, एग्बोसा च्याप्टर मध्ये बाट – सदस्य २ जना**<br>**३. सचिव एग्बोसा- सदस्य १ जना**<br>**४. कोषाध्यक्ष एग्बोसा- सदस्य सचिव १ जना**<br>१) संकलित रकमको व्यवस्थापन तथा सुरक्षणका लागि विशेष कोष सञ्चालन समितिको स्वीकृति लिई आवश्यकता अनुसार बैंक खाता खोल्न सकिनेछ।<br>२) दफा (२०) को उपदफा (ख) को (१) बमोजिमको खाताहरु सञ्चालन गर्नका लागि कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने र अध्यक्ष, उपाध्यक्ष र सचिव मध्ये कुनै एकको हस्ताक्षर गरी दुई जनाको | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

KI BOARDING STUDENTS
ASSOCIATION

| | | | |
|---|---|---|---|
| | | संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ।<br>३) विशेष कोषसँग सम्बन्धित कुनै पनि प्रयोजनका लागि 'एग्बोसा' र 'एग्बोसा' का च्याप्टर तथा शाखाहरुले अर्थ संकलन गर्नु परेमा, सो कार्य प्रारम्भ गर्नु पूर्व, विशेष कोष सञ्चालन समितिको अनिवार्य रुपमा लिखित अनुमति लिनु पर्नेछ। | |
| २३. | **साविकमा व्यवस्था नभएको** | **दफा १९(१)**<br>**खाता सञ्चालनः**<br>संस्थाको अध्यक्ष वा सचिव मध्ये एक जना र कोषाध्यक्ष (अनिवार्य) को संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ। प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ। | खाता सञ्चालन सम्वन्धी छुट्टै व्यवस्था नभएकोले। |
| २४. | **दफा २०**<br>**क) हिसाबको विवरण पठाउनेः**<br>प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परिक्षण प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारी कहाँ पठाउने छ ।<br>**ख) हिसाब जाँच गर्नेः**<br>स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकारी द्वारा जाँच गराउन सक्ने छ । | **दफा २०**<br>**क) कोषको रकम खर्च गर्ने तरिकाः**<br>संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ।<br>**(अ)** संस्थाको बार्षिक बजेट र कार्यक्रम स्वीकृती नगरि कोषबाट रकम खर्च गर्न सकिने छैन,<br>**(आ)** साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट खर्च गर्न सकिने छ,<br>**(इ)** कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा पेश गर्नु पर्नेछ, **(ई)** संस्थाको सञ्चालनमा आवश्यक अन्य खर्चको व्यवस्था साधारण कोषबाट हुनेछ।<br>**ख) संस्थाको लेखा र लेखा परिक्षणः**<br>**(अ)** संस्थाको चल अचल सम्पत्तिको यथार्थ विवरण रीतपूर्वक अभिलेख राखिनेछ । | संस्थालाई जवाफदेही तुल्याउन। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| | | | |
|---|---|---|---|
| | | **(आ)** संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ।<br>**(इ)** संस्थाको लेखापरीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ।<br>**(ई)** नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि आँफै मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच्न वा जाँच गर्न लगाउन सक्नेछ।<br>**(उ)** संस्थाको वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, नविकरण लगायतका अन्य कागजातहरु वार्षिक रुपमा जिल्ला प्रशासन कार्यालय एवं समाज कल्याण परिषदमा अनिवार्य पेश गर्नु पर्नेछ। | |
| २५. | **विविध**<br>**दफा २१**<br>कार्यकारीणी समितिको गठन गर्नका लागि एक निर्वाचन समितिको व्यवस्था गरिने छ ।<br>क) निर्वाचन समितिमा दुई जना एग्बोसा सदस्य र एक जना सल्लाहकार सदस्य रहनेछन् ।<br>ख) नयाँ कार्यकारीणी समितिको घोषणा पश्चात् निर्वाचन समिति स्वतः खारेज भएको मानिने छ ।<br>ग) प्रत्येक दोस्रो वर्षको श्रावण÷भाद्र सम्ममा निर्वाचन सम्पन्न गरिने छ ।<br>घ) निर्वाचन समितिको गठन पदावधि समाप्त हुन लागेको कार्यकारीणी समिति द्वारा गरिने छ । | **परिच्छेद-७ निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था**<br>**दफा २१**<br>**निर्वाचन सम्बन्धी व्यवस्था**<br>**क)** दफा १३ को उपदफा (ग) बमोजिम प्रत्येक २ (दुई) वर्षे कार्यकाल पछि वार्षिक साधारण सभा द्वारा नयाँ कार्यसमितिको लागि निर्वाचन हुनेछ।<br>**ख)** नयाँ कार्य समितिको निर्वाचन प्रयोजनको लागि कायम रहेको कार्यसमितिको सहमतिद्वारा ३ जनाको एक निर्वाचन समिति गठन गरिनेछ।<br>**ग)** उपदफा (ख) बमोजिमको निर्वाचन समिति अन्तर्गत एक जना निर्वाचन अधिकृत र दुई जना सदस्य रहनेछन्।<br>**घ)** उपदफा (ग) बमोजिमको निर्वाचन समितिमा छनोट हुने व्यक्तिहरु हाल कायम रहेको कार्यसमिति बाहेक संस्थाका अन्य सदस्य हुनुपर्नेछ । | यस परिच्छेदमा उल्लेखित विषयहरु महत्वपूर्ण रहे सँगै छुट्टै परिच्छेद राख्दा प्रभावकारी हुने भएकाले।<br>निर्वाचन प्रक्रियालाई स्वच्छ, प्रभावकारी र मजबुत बनाउन निर्वाचन अधिकृतको आवश्यकता हुने र सो को स्पष्ट व्याख्या गर्दा चुनावी माहोलमा विधानको विषयले कुनै झन्झट हुन नदिन। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

| | | | |
|---|---|---|---|
| | | **ङ)** निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ।<br>**च)** निर्वाचन सम्वन्धी कुनै विवाद उत्पन्न भएमा विवाद समाधानका लागि निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ।<br>**छ)** निर्वाचन सम्पन्न भई निर्वाचित पदाधीकारी तथा सदस्यहरुको सपथ ग्रहण समाप्त भएपछि निर्वाचन समितिको स्वतः विघटन हुनेछ। | |
| २६. | **दफा २२**<br>**उम्मेदवार हुन योग्यता**<br>विधानको दफा ७ 'क' बमोजिम सदस्य भएका तथा दफा ९ बमोजिम अयोग्य नमानिएका व्यक्तिहरु बाहेक अन्य व्यक्ति उम्मेदवार हुन अयोग्य मानिने छ । | **दफा २२**<br>**उम्मेदवार हुने योग्यता**<br>कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।<br>क) दफा १० बमोजिम सक्रिय वा आजीवन सदस्य रहेको,<br>ख) कम्तिमा १८ वर्ष उमेर पुगेको,<br>ग) मानसिक सन्तुलन नगुमाएको,<br>घ) प्रचलित ऐन कानूनले दोषी नठहर्याएको,<br>ङ) संस्थाको उद्देश्य प्रति वफादार भएको,<br>च) अध्यक्ष पदमा उम्मेदवारीको लागि कम्तीमा एकपटक कुनै कार्यकारी समिति (एग्बोसा वा यस-अन्तर्गत गठित आधिकारिक च्याप्टर, शाखा समेत) को पदाधिकारीको भूमिकामा कार्यकाल सफलतापूर्वक सम्पन्न गरेको,<br>पदाधिकारीको लागि कम्तीमा एकपटक कुनै कार्यकारी समिति (एग्बोसा वा यस-अन्तर्गत गठित आधिकारिक च्याप्टर, शाखा समेत) को सदस्यको भूमिकामा कार्यकाल सफलतापूर्वक सम्पन्न गरेको। | सक्षम नेतृत्वका लागि उम्मेदवार योग्यता निर्धारण आवश्यक हुने र सो को विस्तृतमा विधानमा उल्लेख गर्नु उपर्युक्त हुने हुँदा। |
| २७. | **दफा २३**<br>कार्यकारीणी समितिको सदस्य वा समिति माथि १/४ साधारण सदस्यहरुले लिखित रुपमा | **दफा २३**<br>**अविश्वासको प्रस्ताव**<br>**क)** अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको | संस्थाको विधान, २०४८ मा अविश्वासको प्रस्ताव भनी सामान्य रुपमा |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

| | | | |
|---|---|---|---|
| | अविश्वासको प्रस्ताव ल्याउन सक्नेछन् । | विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नु पर्नेछ।<br>१) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्नेछ।<br>२) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्नेछ।<br>३) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना खुलाई सहीछाप भएको हुनुपर्नेछ।<br>**ख)** उपदफा (क) बमोजिम संस्थामा अविश्वासको प्रस्ताव दर्ता भएमा, विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति समय समेत तोकी विधानको दफा ११(ख) बमोजिम सूचना दिइनेछ।<br>**ग)** अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया:<br>१) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिद्वारा साधारण सभामा उपदफा (क) बमोजिम प्रस्ताव पेश गर्न अनुमति दिईनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्न सक्नेछन।<br>२) उप-दफा क(३) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्ताव प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत गर्न चाहने बढीमा अन्य ३ जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछन। | उल्लेख भएकोमा उल्लेखित अविश्वासको प्रस्ताव सम्वन्धी विषयमा चरणबद्द तवरले उल्लेख गर्नुपर्ने भएको। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

| | | | |
|---|---|---|---|
| | | ३) उप-दफा ग(२) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु बिरुद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाइ पेश गर्ने मौकाको लागि आफ्नो भनाइहरु राख्न अनुमति दिन सक्नेछन।<br>**घ)** अविश्वासको प्रस्ताव माथि निर्णय:<br>१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछन।<br>अ) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने अर्को समूह छुट्याएर वा,<br>आ) साधारण सभाको सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर,<br>२) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुइ तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित गर्न सक्नेछ। त्यस्तो प्रस्ताव पारित भएमा अभियुक्त व्यक्तिहरु स्वतः पद मुक्त हुनेछन।<br>३. निर्वाचित भएको ६ महिना भित्र वा प्रस्ताव विफल भएको ६ महिना भित्र त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन। | |
| २८. | **दफा २४**<br>**विधान संशोधन** | **दफा २४**<br>**विधान संशोधन** | साधारण सभामा उपस्थित भएका सदस्यको नभई कुल |

| | | | |
|---|---|---|---|
| | संस्थाको विधान संसोधन गर्न परेमा संस्थाको प्रबन्ध समितिले तत् सम्बन्धित प्रस्ताव तयार गरी यो प्रस्ताव उपर छलफल गर्न र बमोजिम साधारण सभा बोलाउनु पर्ने छ ।<br>साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सँख्याको दुई तिहाई सदस्यले प्रस्तावको समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनुपर्नेछ । | सक्रिय सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरि पठाउन सकिनेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ। | सदस्य संख्याको दुई तिहाई साधारण सभा सदस्यहरुको अनुमोदन गर्नुपर्ने भएकोले। |
| २९. | **दफा २५**<br>**नियम बनाउने**<br>संस्थाको विधान संसोधन गर्न परेमा संस्थाको प्रबन्ध समितिले तत् सम्बन्धित प्रस्ताव तयार गरी यो प्रस्ताव उपर छलफल गर्न र बमोजिम साधारण सभा बोलाउनु पर्ने छ ।<br><br>साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सँख्याको दुई तिहाई सदस्यले प्रस्तावको समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनुपर्नेछ । | **दफा २५**<br>**विनियम बनाउन सक्ने**<br>**क)** संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा कार्य समितिले विधानको परिधि भित्र रही आवश्यक विनियम बनाउन सक्नेछ र सो विनियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ।<br>**ख)** यो विधान र विधान अन्तर्गत बनेको विनियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले शाखा विस्तार, च्याप्टर गठन प्रक्रिया तथा सञ्चालन सम्वन्धी विनियम, कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्वन्धी कार्यविधि बनाई लागू गर्न सक्नेछ। त्यस्तो कार्यविधिहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ। | विस्तृत व्याख्या गर्नु जरुरी रहेकोले। |
| ३०. | **दफा २६**<br>**संस्थाको उद्देश्य र कार्यक्रम सँग सम्वन्धीत उल्लेखनीय कुराः**<br>सल्लाहकार समितिः कार्य समितिलाई राय सल्लाह प्रदान | **दफा २६**<br>**सल्लाहकार समितिको व्यवस्था**<br>एग्बोसाको सल्लाहकार समिति देहाय वमोजिम हुनेछ।<br>१.स्कुलका प्राचार्य-प्रमुख सल्लाहकार (पदेन) | संस्थालाई अनुभवी व्यक्तिहरुवाट मार्गदर्शन, रणनीति सुझाव र विशेषगेता प्राप्त गरी संस्थालाई सफल बनाउन । |

| | | | |
|---|---|---|---|
| | गर्नको लागि एक सल्लाहकार समितिको ब्यवस्था गरिनेछ ।<br>१) केन्द्रीय कार्य समितिले देहाय बमोजिम सल्लाहकार समितिको गठन गर्नेछ ।<br>**क)** स्कूलका प्राचार्य पदेन प्रमुख सल्लाहकार<br>**ख)** एग्बोसाको निवर्तमान अध्यक्ष<br>**ग)** स्कूलका दुई बरिष्ठ पदाधिकारी<br>**घ)** दुईजना बरिष्ठ भूतपूर्व बिधार्थी<br>२) सल्लाहकार समितिले आफ्नो सल्लाह मान्नको लागि कार्य समितिलाई बिबश तुल्याउने<br>३) सल्लाहकार समितिको निर्णायक भोट रहनुपर्ने<br>४) सल्लाहकार समितिले पनि कार्य समितिले जस्तै कार्य समितिका निर्णयलाई पास गराउन अनुमोदन गर्न सक्नेछन् । तर शाखाको हकमा यो लागू हुनेछैन किनभने शाखाहरुमा भ्न्यइक्ब् सदस्यहरु मात्र हुनेछन् । | **२.**एग्बोसाका निवर्तमान अध्यक्ष- सदस्य<br><br>**३.**स्कुलका भूतपूर्व विध्यार्थी— सदस्य (३ जना | |
| ३१. | **दफा २७**<br>**संस्था विघटन र त्यसको परिणाम**<br>संस्थाले बिधान बमोजिम कार्य संचालन गर्न नसकि वा अन्य कुनै कारणले यस सँस्थाको बिघटन भएमा सँस्थाको सम्पूर्ण जायजेथा श्री ५ को सरकारको हुनेछ । | **दफा २७**<br>**संस्था खारेज**<br>**क)** साधारण सभाले अनावश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजीको लागि स्थानीय अधिकारी समक्ष पेश गर्न सक्नेछ।<br>**ख)** उपदफा (क) बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजी कार्यको लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्ती गर्न सक्नेछ।<br>**ग)** लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ। | संस्था विघटन गर्दा अपनाउनु पर्ने महत्वपूर्ण विषय तथा प्रक्रियाहरु उल्लेख गर्दै स्पष्ट व्याख्या गर्नु जरुरी रहेकाले। |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कास्की

| | | | |
|---|---|---|---|
| | | **घ)** यसरी कारणबश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्व फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ। | |
| ३२. | **साविकमा व्यवस्था नभएको** | **परिच्छेद-८ च्याप्टर तथा शाखाको गठन**<br>**दफा २८**<br>**क)** नेपाल भित्र बसोबास गर्ने गण्डकी बोर्डिङ स्कूलका भूतपूर्व विद्यार्थीहरुले कुनैपनि जिल्लामा कम्तीमा २५ जना संगठित भई केन्द्रीय कार्य समितिको अनुमति तथा सम्बन्धित स्थानीय अधिकारीको स्वीकृतीमा च्याप्टर, शाखाहरु गठन गर्न सक्नेछन।<br>**ख)** यस संस्थालाई छाता संगठनको रुपमा विकास गर्ने उद्देश्य परिपूर्तिका लागी संस्थाको आवश्यकता अनुसार शाखा विस्तार तथा च्याप्टर गठन गर्दा प्रचलित नियम/ कानुन वमोजिम गर्न सकिनेछ।<br>**ग)**च्याप्टर तथा शाखा सञ्चालन संस्थाको आधिकारिक विधान बमोजिम हुनेछ।<br>**घ)** च्याप्टर गठन तथा शाखा विस्तार प्रक्रिया, सञ्चालन तथा अन्य आवश्यक कार्यविधी सम्वन्धि विषयहरु विनियममा समावेश गरी लागु गरिनेछ। | संस्थाको कार्य विस्तार, स्थानीय सहभागिता र प्रभावकारी सेवा सञ्चालन आवश्यक देखिएकाले । |
| ३३. | **साविकमा व्यवस्था नभएको** | **परिच्छेद-९ विविध**<br>**दफा २९ कर्मचारीको व्यवस्था**<br>संस्थाको दैनिक कार्ययोजना तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र सेवा शर्तहरु सहितको कर्मचारी विनियमावली निर्माण गरी साधारण सभाबाट स्वीकृति गराई कार्यान्वयन गर्नुपर्नेछ। | संस्थाको दैनिक कार्यहरुलाई व्यवस्थित, नियमित र दक्ष ढंगले सञ्चालन गर्नको लागि । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की
प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३४. | **साविकमा व्यवस्था नभएको** | **दफा ३० ऐन अनुसार हुने**<br>यस विधानमा उल्लेख नभएका कुराहरु संघसंस्था दर्ता ऐन तथा नियमावली र प्रचलित कानुन बमोजिम हुनेछ साथै संस्था दर्ता ऐन, नियमावली र प्रचलित कानूनसँग बाझिने प्रावधान तथा कानूनहरु बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछन्। | संस्थाको विधानले सबै सम्भावित अवस्था वा परिस्थितिहरुलाई समेट्न सक्दैन। व्यवहारमा आउने नयाँ परिस्थिति वा जटिल विषयहरुलाई व्यवस्थापन गर्न प्रचलित कानुनको आधारमा चल्न सक्ने कानुनी आधार राख्नु अत्यावश्यक भएकाले । |
| ३५. | **साविकमा व्यवस्था नभएको** | **दफा ३१ निर्देशनको पालना**<br>क) नेपाल सरकार वा स्थानीय अधिकारीले समय-समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।<br>ख) संस्थाबाट सञ्चालित क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ संगठनसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको विपरित हुन जाने वा नेपालको स्वतन्त्रता, सार्भौमसत्ता, भौगोलिक अखण्डता र शान्ति सुव्यवस्थामा खलल पुग्ने कुनै काम गर्नेछैन। | संस्थाले पारदर्शि, जवाफदेहीता र विधिसम्वत् कार्यसम्पादन सुनिश्चित गर्नका लागि । |
| ३६. | **साविकमा व्यवस्था नभएको** | **दफा ३२ उप-समितिको व्यवस्था**<br>क) यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनका लागि कार्यसमितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ।<br>ख) उपसमितिहरुको कार्यहरु समितिले तोकिदिए बमोजिम हुनेछ। | संस्थाको कार्यभार प्रभावकारी रुपमा सञ्चालन गर्न । |
| ३७. | **साविकमा व्यवस्था नभएको** | **अनुसूची-१** | साविकमा व्यवस्था नभएकाले |
| ३८. | **साविकमा व्यवस्था नभएको** | **अनुसूची-२** | साविकमा व्यवस्था नभएकाले |

| | | | |
|---|---|---|---|
| ३९. | **साविकमा व्यवस्था नभएको** | **अनुसूची-३** | साविकमा व्यवस्था नभएकाले |
| ४०. | **साविकमा व्यवस्था नभएको** | **अनुसूची-४** | साविकमा व्यवस्था नभएकाले |

अनुसूचि -१

**(दफा ३ सँग सम्बन्धित)**

**संस्थाको छाप र चिन्ह**

संस्थाको छापको माथिल्लो भागमा अर्धवृतकारमा " **EX GANDAKI BOARDING STUDENTS**" लेखिएको र तल्लो भागमा "**ASSOCIATION**" लेखिएको र बीच भागको षट्कोणको प्रत्येक त्रिभुजमा **E G B O S A** एक-एक अक्षर गरी लेखिएको र षट्कोणको मध्य भागमा दुई हात मिलाएको चित्राङ्कन हुनेछ।छापको सबै भन्दा तलको आयताकारमा संस्थाको ठेगाना "**POKHARA, KASKI, NEPAL**" लेखिनेछ।

संस्थाको छापको नमुना :

**अनुसूचि - २**

**<u>सपथ</u>**

म ....................................... यस एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनको समितिको साधारण सभाबाट .....................पदमा निर्वाचित भएकोमा आफ्नो कार्यकालमा संस्थाको विधान ,नीति, नियमअनुसार संस्थाको हित र स्वार्थलाई सर्वोपरी मानी व्यक्तिगत स्वार्थ हितलाई त्यागी कुनै मोलाहिजामा नलागी इमान्दारिपूर्वक संस्था प्रति मन, बचन र कर्मले आफ्नो पदीय जिम्मेवारी पूरा गर्नेछु।

| सपथ गराउने | सपथ लिने |
| --- | --- |
| हस्ताक्षर: | हस्ताक्षर: |
| नामः | नामः |
| पदः | पदः |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

प्रशासकीय अ

EX GANDAKI BOARDING STUD
ASSOCIATION

अनुसूचि - ३

**<u>सदस्यता प्राप्तिको आवेदन</u>**

**मितिः..........................**

**श्रीमान् अध्यक्ष ज्यू,**
**एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसन,**
**पोखरा महानगरपालिका, कास्की ।**

त्यस संस्थाको **सक्रिय सदस्यताआजीवन सदस्य/ता** लिनको/नवीकरणको लागि म ..................... ईच्छुक रहेकाले आर्थिक वर्ष ..............को लागि तोकिएको सदस्यता दस्तुर रु ........... (अक्षेरुपी: .........................................) यसैसाथ संलग्न गरी निवेदन पेश गर्दछु। संस्थाको नियमानुसार सदस्यता प्रदान गर्नुहुन अनुरोध छ।

**निवेदक**

**नामः ................................**

**ठेगानाः ................................**

## अनुसूचि-४

## सदस्यताको अभिलेख

एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनबाट सदस्यता प्राप्त गर्नुहुने सदस्यहरुको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | सदस्यको नाम थर | सदस्यता प्राप्तिको मिति | सदस्यता आई. डी. | सम्पर्क नं. | सदस्यताको प्रकार | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | साधारण | सक्रिय | आजीवन | सम्मानार्थ |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

प्रशासकीय अधिकृत

EX-GANDAKI BOARDING STUDENTS ASSOCIATION
POKHARA, KASKI, NEPAL